# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : २ सङ्ख्या : २३ मिति : २०७५/०८/०९

## भाग-२

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०७५/०८/०८

# पशुपंक्षी सेवा सञ्चालन कार्यविधि २०७५

हतुवागढी राजपत्र

## पृष्ठभुमी

हतुवागढी गाउपालिका, घोडेटार, भोजपूरमा करिब ६० प्रतिशत मानिसहरु पशुपन्छी पालन ब्यबसायमा संलग्न रहेको पाईन्छ । कुल ग्राहस्थ उत्पादनको २६ प्रतिशत योदान पशुपन्छी पालन ब्यबसायको रहेको यस गाउपालिकामा पशुपन्छी पालन ब्यबसाय हाल निर्वाहमुखी ब्यबसायबाट ब्यबसायमुखी ब्यबसायमा परिणत हुदै गएको छ । पछिल्लो दशकबाट नेपाल नै पशुपन्छी पालन ब्यबसायमा ब्यबसायीकरण हुदै जांदा यो गाउपालिका पनि पशुपन्छीपालन ब्यबसायमा ब्यबसायीकरण तर्फ उन्मुख हुदै जानु कृषकमा पशुपालन प्रति चेतनामा बृद्धिहुनु एवं स्थानिय स्तरमा पशुपन्छीपालन सम्बन्धि ज्ञान सिप उपलब्ध हुनु सवल पक्ष पाईन्छ । यस गाउँपालिकालाई दुध, फुल र मासुमा आत्मा निर्भर बनाउन यसको उत्पादनमा विशेष सहयोग गर्न गाउपालिकाबाट विभिन्न कार्यक्रमहरु तर्जुमा गरि ब्यबसाय लागतमा सहयोग गरि लक्षित बर्गमा सेवा प्रवाह र स्वरोजगार प्रर्बद्धन एवम गरिवी न्यूनिकरणमा ठोस सहयोग पु-याउनको लागि कार्यक्रमहरु संचालन हुने प्रकृयालाई ब्यबस्थित गर्न यो कार्यविधि तयार गरिएको छ ।

### परिच्छेद १

#### प्रारम्भिक

#### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यो कार्यविधिको नाम "**पशुपन्छी सेवा कार्यक्रम संचालन कार्यविधि, २०७५** " रहनेछ ।

(ख) यो कार्यविधि हतुवागढी गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

## २. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"गाउपालिका"** भन्नाले **हतुवागढी गाउपालीका** सम्झनु पर्नेछ ।

(ख) **"पशुपन्छी शाखा"** भन्नाले हतुवागढी गाउपालिकाको**पशुपन्छी शाखा** सम्झनु पर्नेछ ।

(ग) **"सेवाकेन्द्र" भन्नाले** गाउपालिका मातहतका **पशु सेवाकेन्द्र** सम्झनु पर्नेछ ।

(घ) **"कार्यविधि"** भन्नाले "**पशुपन्छी सेवा कार्यक्रम संचालन कार्यबिधि, २०७५** "सम्झनु पर्छ।

(ङ) गाउँपालिका, गाउँपालिका कार्यालय भन्नाले हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(च) **"कार्यक्रम"** भन्नाले पशुपन्छी विकाश सेवा कार्यक्रम सम्झनु पर्छ।

(छ) **"सेवा"**भन्नाले पशुपन्छी सेवा सम्झनु पर्छ।

(ज) **"समूह"**भन्नाले एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारीक निकायमा विधिवत दर्ता भएको समूह सम्झिनु पर्दछ।

(झ) **"व्यवस्थापन समिति"** भन्नाले गाउपालिकाका प्रतिनिधि तथा सम्वन्धित सरकारी/गैह्र सरकारी संस्थाका प्रमुख वा प्रतिनिधिहरु तथा आमन्त्रित सदस्यहरु समेतको उपस्थिति रहने गरि गठित समिति सम्झनुपर्छ।

(ञ) **"सहकारी"** भन्नाले हतुवागढी गाउँपालिका भित्रका साविकमा डिभिजन सहकारी कार्यालयमा हाल गाउँपालिकामा विधिवत रुपमा दर्ता भएको सकृय कृषि सहकारी सम्झनुपर्दछ ।

(ट) **"फर्म"** भन्नाले हतुवागढी गाउँपालिका भित्रका एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको पशुपालन कार्यमा संलग्न सकृय फर्म सम्झनुपर्दछ ।

(ठ)**"समन्वय समिति"** भन्नाले गाउपालिका अर्न्तगत स्थानीयस्तरमा भएका सम्वन्धित सरकारी/गैह्र सरकारी संस्थाका प्रमुख वा प्रतिनिधि तथा आमन्त्रित सदस्यहरु समेतको उपस्थिति रहने गरि गठित समिति सम्झनुपर्छ।

(ड) **"कार्यदल"** भन्नाले गाउपालिकामा गठित कार्यदल सम्झनु पर्दछ।

## ३ उद्धेश्यहरु : यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छन:

- पशुपन्छीपालनको उधमशिलता प्रबर्द्धन एवम ब्यबसायीकरण गर्नका लागि आबश्यक प्रविधि तथा सिपलाई लक्षित बर्ग सम्म पु-याउन सहयोग स्वरुप अनुदान तथा टेवा प्रदान गर्ने।
- पशुपन्छी पालन ब्यबसाय तथा उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्न उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने।
- पशुजन्य उत्पादनको उत्पादन लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने।
- पशुपन्छी पालनमा जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणीय सन्तुलन कायम गर्न सहयोग पुर्याउने।
- सरकारी, गैरसरकारी तथा निजि फर्महरुको क्षमता अभिबृद्धि गर्दै श्रोत केन्द्र स्थापना र दिगो सेवा प्रदान गर्ने।
- पशुपालन ब्यबसायलाई थप रोजगारीका अवसरहरु सृजना गरि आय आर्जनमा प्रेरित गर्दै लैजाने।
- पशुपालन व्यबसायबाट उत्पादित पशुजन्य उत्पादन पदार्थको गुणस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्यूनिकरण गर्ने।

## ४. अपेक्षित प्रतिफल :

पशुपन्छी पालन दिगो व्यवस्थापनको लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरण मैत्री प्रविधिहरु अपनाई वैज्ञानिक विधि र व्यवस्थापन पद्धति अवलम्वन गर्ने कार्य सहजतापूर्वक सम्पन्न हुनेछ।

### ४.१ कृयाकलाप

- पशुपन्छी पालन क्षेत्रको स्तरोन्नति गर्दै स्थानिय तथा उन्नत जातका पशुपन्छी पालन ,घांस विकास गर्ने।
- उन्नत पशुपन्छी पालन, चरन, घासेवाली तथा समग्रमा पशु उत्पादन बृद्धि हुने कार्यक्रमहरुको संचालनबाट आगामी पाँच बर्षमा हतुवागढी गाउपालिकाका कृषकहरुको आयश्रोतमा बृद्धि गर्ने।
- पशुपन्छी पालनको जैविक विविधता र अनुवांशिक भिन्नताको अभिलेख तयार हुने।
- पशुपन्छी तथा घाँस उत्पादन कार्यलाई प्रबर्द्धन गर्ने।
- पशुपन्छी विकास कार्यक्रम मार्फत श्रोत केन्द्रहरु स्थापना तथा संचालन गर्ने।

- पशुपन्छी विकास कार्यक्रम मार्फत स्थानिय पशुहरुमा अपग्रेडिङ्ग गर्न कृत्रिम गर्भदान ट्रायल भर्सनमा संचालन गरी पूर्ण कृत्रिम गर्भदान सेवा सूचारु गर्ने ।
- *तालिम संचालन कार्यक्रम मार्फत कृषक तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि हुने ।*
- गाउँपालिका क्षेत्रमा पशुहरुलाई स्वास्थ्य सेवा प्रदान गरिने ।
- गाउँपालिकालाई जैविक सूरक्षित स्थलमा रुपान्तरण गरिने ।
- गाउँपालिका क्षेत्रमा संचालित मासु ब्यबसायीलाई जुनोटिक रोग र सो बारेमा जनचेतना अभिबृद्धि गरि मासु पसल सुधार गरिदै लगिने ।
- हतुवागढी गाउपालिकाको केन्द्रमा रहेको पशुहाट बजारलाई आधुनिक र बैज्ञानिक ढंगले सुधार गर्न (पशु लैजाने र निकाल्ने बाटो, पशुको जाँच, राख्ने ठाउँ, पानी खाने ठाउँ स्वास्थ्य प्रमाण-पत्र जस्ता कार्यहरु)
- औषधी पसल, दाना पसल,दाना उत्पादन,फर्म, कम्पनि आदी नियमन कार्यको अनुगमन गर्ने ।
- विभिन्न समुह, फर्म, पशु स्वास्थ्यकर्मि एवम ग्रामिण पशु स्वास्थयकर्मि दर्ता लगायत गाउँपालिकाको गाँउ सभाबाट पारित पशुपन्छी पालन सम्बन्धि कार्य आबश्यक्ता अनुसार गर्ने ।

## परिच्छेद २
## कार्यक्रम सम्बन्धि

### ५.कार्यक्रम लागू हुने स्थान :

हतुवागढी गाउपालिकाको सम्भाब्य भएका क्षेत्रहरु ।

(क) कार्यक्रम संचालनका लागि छनौट भएका विभिन्न टोल समुह तथा फर्म, ब्याक्ति एवम स्थलहरुमा कार्यक्रम संचालन गरिने छ ।

(ख) कार्यक्रम संचालन गर्दा सम्वन्धित पशु सेवा केन्द्र, वडा कार्यालय, उपभोक्ता समिति, लगायत अन्य सरोकारवालाहरु सँगको संलग्नतामा र सहकार्यमा सञ्चालन गरिनेछ ।

## परिच्छेद ३

### ६.संस्थागत विकास कार्यक्रम

एउटै उद्धेश्य लिई न्युनतम् ९ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु प्राप्त गर्न बनाइएको संगठनलाई समूह भनिनछ ।

### ६.१ कृषक समूह गठन/पुनर्गठन कार्यक्रम

हतुवागढी गाउँपालिकामा कृषक समुह दर्ता गरिनेछ ।यसको लागि कृषक समुहले समुह विवरण फाराम सहितको निवेदन फाराम **(समुह विधान १तथा समुह विधान परिशिष्ट १)** सहितको निवेदन गाउँपालिकामा पेश गर्नुपर्नेछ ।समुह दर्ताको लागि गाउँपालिकामा रु. १००/-को राजश्व दस्तुर बुझाउनु पर्नेछ ।यसरी दर्ता भएको समुहको अवधि २ वर्ष रहनेछ । यसरी दर्ता भएको समुहको अभिलेख गाउँपालिकाले ( **समुह दर्ता फाराम बमोजिम**) राख्नुपर्नेछ ।कृषक समुहले आवश्यकताको आधारमा गठित कृषक समुह पुनर्गठन गर्न सक्नेछ र सोको जानकारी गाउँपालिकामा ३० दिनभित्रमा गराउनु पर्दछ ।

### ६.१.१ कृषक समुह नविकरण गर्नेः-

कृषक समुहले आफ्नो कृषक समुह दर्ता प्रमाण-पत्रको नविकरण गर्नुपर्नेछ । यसको लागि कृषक समुहले प्रमाणपत्रको म्याद सकिएको ३५ दिनभित्र निवेदनका साथमा सक्कल प्रमाण पत्र सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ र सो को लागि रु. ५०/- राजश्व नविकरण शुल्क बापत लाग्नेछ ।म्याद सकिएको ३६ औं दिन देखि एक वर्षसम्म रु. १००/- राजश्व शुल्क लिइनेछ भने एक वर्षपश्चात प्रत्येक वर्ष रु. १०० का दरले थप राजश्व लिइनेछ ।कृषक समुहको प्रमाणपत्र ३ वर्षसम्म नविकरण नगरेमा पुन: नविकरण गर्न गाउँपालिका बाध्य हुने छैन। प्रमाण पत्र हराएमा प्रमाण पत्रको प्रतिलिपि लिन पहिलो वर्ष रु. १०० दस्तुर लाग्नेछ र नलिएको खण्डमा प्रत्येक वर्ष दस्तुर दोब्बर हुँदै जानेछ ।

**६.१.२** पशु विकासका कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्नका लागि कृषक समुहको अलावा कृषि सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषक मार्फत पनि गरिने छ । गाउँपालिका भित्रका साविक डिभिजन सहकारी कार्यालयमा हाल गाउँपालिकामा दर्ता भएका सहकारीहरुको अभिलेख गाउँपालिकाले राख्नेछ । यसैगरि व्यवसायिक फर्महरुले समेत

गाउँपालिकामा फर्म दर्ता गरेको हुनुपर्नेछ र सो फर्महरुको अभिलेख पनि गाउँपालिकाले राख्नेछ । सहकारी तथा फर्म दुवैले स्थायी लेखा नं.(PAN) अनिवार्य रुपमा लिएको हुनु पर्नेछ ।

## परिच्छेद ४
## सेवा सञ्चालन सम्बन्धी

# ७. सेवा सञ्चालन प्रकृया :

## ७.१ तालिम,गोष्ठी कार्यक्रम

कृषिप्रविधि हस्तान्तरण एवं विस्तार गर्न तालिमलाई प्रभावकारी माध्यमको रुपमा लिइएको छ । पशुपंक्षी सेवा कार्यक्रममा संलग्न प्राविधिकहको कार्य दक्षता वढाउँदै लैजानको साथै कृषकहमा अन्तरनिहित ज्ञान, सीप अभिवृद्धि गर्नु नै तालिम कार्यक्रमको प्रमुख उद्देश्य हो । हतुवागढी गाउँपालिका मूलतः निम्नानुसार तालिम कार्यक्रमहको कायान्र्वयनमा केन्द्रित रहनेछ ।

### ७.१.१. गाउँपालिका स्तरिय कृषक तालिम/ गोष्ठी

**क)परिचय/पृष्ठभूमिः**

गाउँपालिका स्तरिय कृषक तालिम भन्नाले गाउँपालिकाको कार्यालय वा अन्य ठाउँ जहाँ सञ्चालन गरिने भएता पनि सहभागिको लागि (आफ्नो घर वा साविकको बसोबास वा आफ्नै वडा भन्दा बाहिर ) आवासको व्यवस्था गर्नुपर्ने तालिम सम्झनुपर्दछ ।कृषिका विविध विषय विशेष तालिमहरु गाउँपालिका स्तरमा १-३ दिनसम्म सञ्चालन गरिनेछ । यस तालिममा (२०-२५) जना कृषक सहभागी हुनेछन् ।

**ख)कार्यक्रमको उद्देश्यः**

कृषकहरुको विषय विशेष ज्ञान सीप अभिवृद्धि गर्नु तालिमको मुख्य उदेश्य रहनेछ ।

**ग)कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

तालिममा सहभागी छनौट गर्दा समूहमा योगदान पुर्याएको, आफूले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही गाउँको कृषि तथा पशुपालनमा केही गर्छु भन्ने भावना भएको कृषक हुनुपर्नेछ । तालिममा महिला कृषकलाई प्राथमिकता दिई मिश्रित समूहबाट समेत सकभर महिला सहभागी छनौट गर्नुपर्नेछ।तालिम व्यवस्थापनमा संलग्न हुने प्राविधिकहसँग मिली तालिम कार्यक्रम तयार गरी तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

- सहभागी हुने कृषकहलाई तालिमको जानकारी गराई सहभागी हुन बोलाउने ।
- शैक्षिक सामाग्रीहरु (श्रव्य दृश्य सामाग्रीहरु) को व्यवस्था मिलाउने ।
- तालिम कार्यक्रममा फिल्ड भ्रमण, फिल्ड तालिम, फिल्ड अध्ययनको व्यवस्था भएमा सम्बन्धित संस्थाहरु सँग पूर्व सम्पर्क राखी कार्यक्रम निश्चित गर्ने ।

**घ)कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स**

| क.स. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १. | कार्यपत्र वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | ७५०/- |
| २. | प्रवचन वापत पारिश्रमिक | रु. प्रति कार्यपत्र | ७५०/- |
| ३. | सहभागीको खाजा (संयोजक, श्रो तव्यक्ति, प्रति वेदक र सहयोगी कमर्चारीलाई समेत (उदघाटन तथा समापन समारोहमा एक -एक पटक खाजा थप गर्न सकिने) (अधिकतम ३५ सेट) | रु./सहभागी/दिन | २००/- |
| ४. | मसलन्द (शैक्षिक सामाग्री) (अधिकतम ३० सेट) | रु. | ३०००/- |
| ५. | तालिम सामाग्रि (कच्चा पदार्थ, नमुना, इन्धन, पोकावन्दीका सामान, खरिद | रु. | ५०००/- |

| | | | |
|---|---|---|---|
| | गर्नुपर्ने साना तिना औजार , रजिष्टर, मेटा कार्ड, मार्कर, टेप, स्केल, फोटोकपी पेपर आदि) | | |
| ६. | तालिम सुविधा (तालिम कक्ष तथा भाडामा लिनुपर्ने उपकरणको भाडा) | रु. | प्रचलित बजार दर अनुसार |
| ७. | संयोजक भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन) | रु. | ७५०/- |
| ८. | सहयोगी भत्ता (अधिकतम १५ कार्य दिनसम्म प्रतिदिन | रु. | २५०/- |
| ९. | वस्तुगत टेवा | रु. | ५०००/- |
| १०. | विविध (प्रमाण पत्र, पानी, सरसफाई, तुल/ब्यानर ईत्यादिका लागि) | रु. | ५०००/- |
| ११. | प्रतिवेदकको पारिश्रमिक | रु. | १५००/- |
| १२. | सहभागी कृषक दैनिक भत्ता | रु./सहभागी /प्रतिदिन | ५००/- |
| १३. | सहभागी कृषक भाडा आतेजाते | रु./सहभागी | प्रचलित दरमा |

**द्रष्टव्यः**

- ✓ गाउँपालिका स्तरिय कृषक तालिमको हकमा गाउँपालिकाबाट स्वीकृत मापदण्डलाई आधार लिई तालिम खर्च गर्नु पर्नेछ ।
- ✓ एउटा कक्षाको अवधि कम्तिमा १ घण्टा ३० मिनेट हुनु पर्दछ ।
- ✓ कार्यपत्र तयारपार्दा प्रशिक्षार्थिहरुको स्तर सुहाउँदो शब्दावलीहरु तथा भाषा प्रयोग गर्नु पर्दछ ।
- ✓ तयार पारिएको कार्यपत्रहरु कम्तीमा ७५० शब्दको प्रबन्ध सम्झनुपर्छ।
- ✓ पारदर्शक पाना, प्रस्तुतीकरण टिपोट वा प्रस्तुतीकरणको प्रयोजनका लागि तयार पारिएको अरु त्यस्तै सामाग्रीको छायाँ प्रति कार्यपत्र हुँदैन् ।
- ✓ एकपटक प्रस्तुत गरेको कार्यपत्र पुनः प्रयोग गर्न परेको खण्डमा उक्त कार्यपत्रमा आधुनिक प्रविधिहरु समेत समावेश गरी परिमार्जन गरेर मात्र प्रयोग गर्नुपर्नेछ ।
- ✓ प्रस्तुत गरिने कार्यपत्रमा प्रशिक्षाथीहरुको स्तर , कर्यपत्रको शीषर्क, प्रस्तुत् कर्ताको नाम, पद तथा प्रस्तुत गरेको मिति समेत उल्लेख गर्नु पर्नेछ ।

## ७.१.२ स्थलगत कृषक तालिम

### क)परिचय/पृष्ठभूमिः

गाउँपालिका भित्रका कृषक समूहलाई छोटो समय अविधको कृषक स्तरीय तालिम सा ञ्चालन जरुरी भएको र कृषकहरुको समस्या स्थलगत समाधान गर्न र समयसापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्याउन यस तालिमको अंहम् भूमिका रहेकोले यस किसिमको तालिम कृषक समूहहरुका बीचमा साञ्चालन गर्न आवस्यक महसुस भएको छ ।

### ख)कार्यक्रमको उद्देश्यः

- ✓ समुहमा महत्वपूर्ण प्रविधिहरुको समय सापेक्ष प्रसार एवं हस्तान्तरण गर्ने ।
- ✓ समूहहरुलाई आइपरेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने ।
- ✓ कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुक कृषकहरुलाई प्राविधिक ज्ञान दिलाउने ।

### ग)कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- ✓ घुम्तीदस्थलगत तालिम १ दिनसम्मको हुने छ ।
- ✓ घुम्ती स्थलगत तालिम कृषक समूहमा सञ्चालन हुनु पर्नेछ ।
- ✓ घुम्ती स्थलगत तालिममा न्यूनतम १० र बढीमा १५ जना सहभागी हुने छ ।
- ✓ स्थलगत तालिममा सहभागी हुने कृषकहरुले दैनिक भ्रमण भत्ता र होटलबास खर्च पाउने छैनन् ।
- ✓ घुम्ती स्थलगत तालिममा १ दिनमा ४ वटा भन्दा बढि कक्षा राखिने छैन ।

## घ)कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क्र.स. | विवरण | ईकाई | दर |
|---|---|---|---|
| १. | प्रवचन वापत | रु. प्रति कार्यपत्र | ७५०/- |
| २. | सहभागीको खाजा (अधिकतम १५ सेट) | रु./सहभागी/दिन | १००/- |
| ३. | शैक्षिक सामाग्री (अधिकतम १५ सेट) | रु.प्रति सहभागी | १००/- |
| ४. | तालिम सामाग्री (कच्चा पदार्थ, नमुना, इन्धन, पोकावन्दीका सामान, खरिद गर्नुपर्ने सानातिना औजार, रजिष्टर, मेटाकार्ड, मार्कर, टेप, स्केल, फोटोकपी पेपर आदि) | रु. | ५००/- |

**द्रष्टव्यः**

- ✓ तालिम सञ्चालन गर्दा सकेसम्म वडा भित्रका सम्बिन्धत कृषक समूहमा नै सञ्चालन गर्नु पर्नेछ ।
- ✓ तालिम सञ्चालन हुने मिति, समय र स्थान निधो गरी सो को जानकारी सम्बिन्धत सहभागीलाई पहिले नै गराउनु पर्नेछ ।

### ७.१.३ प्राकृतिक गर्भदान

**क)परिचय/पृष्ठभूमिः**

हतुवागढी गाउपालिकमा नश्ल सुधारका लागि कृत्रिम गर्भदान कार्यक्रम संचाल गरि पशुपालनमा अपग्रेडिङ्ग गर्न सके उत्पादनमा बृद्धि भई आम्दानीमा पनि बृद्धि हुने छ । तसर्थ आवश्यक क्षेत्रमा उन्नत भाले पशु वितरणबाट प्राकृतिक गर्भदान गरि पशुपालनमा अपग्रेडिङ्ग गरिनेछ ।

**ख)कार्यक्रमको उद्देश्यः**

- ➢ प्राकृतिक गर्भदानबाट पशुहरुमा नश्ल सुधार गर्ने मूल उदेश्य हुनेछ ।

## ग) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- ➢ प्राकृतिक गर्भदानका लागि उन्नत बोका,साढे,राँगा,बंगुरको भाले ५०% खरिद अनुदान तथा पूर्ण ढुवानी अनुदान वा विनियोजित रकम अनुरुप बितरण गरिनेछ ।
- ➢ पशुपंक्षी कार्यक्रमका लागि स्वीकृत कार्यक्रम, विनियोजित बजेट अनुसार मात्र कार्यक्रम संचालन गरिनेछ ।
- ➢ प्रत्येक वडाबाट मांग संकलन गरिनेछ । कृषक छनौट गरिनेछ ।
- ➢ सम्बन्धित कृषकलाई तोकिए अनुसार हस्तान्तर गरिनेछ ।
- ➢ सम्बन्धित शाखामा रेकर्ड राखिनेछ ।

## घ) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क्र.स. | विवरण | ईकाई | दर |
|---|---|---|---|
| १. | खरिद | गोटा | स्विकृत/ प्रचलति दर |
| २. | ढुवानी | | स्विकृत/ प्रचलति दर |

### ७.१.४ कृत्रिम गर्भदान

**क) परिचय/पृष्ठभूमिः**

हतुवागढी गाउपालिकमा। पशुपालनमा कृत्रिम गर्भदानबाट अपग्रेडिङ्ग गर्न सके उत्पादनमा बृद्धि भई आम्दानीमा पनि बृद्धि हुने छ । सिधा सडक संचालन नभए पनि यस क्षेत्रमा ट्रायल भर्सनमा हिट सिन्क्रोनाईजेशन गरेर कृत्रिम गर्भदान सुरुवात गरि पशुपालनमा अपग्रेडिङ्ग गरिनेछ ।

## ख) कार्यक्रमको उद्देश्यः

- कृत्रिम गर्भदानबाट पशुहरुमा नश्ल सुधार गर्ने मुल उदेश्य राखिएको छ ।

## ग) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- कृत्रिम गर्भदानका लागि  समुह गठन गरिनेछ, प्रति समुह कम्तिमा १० सदस्य रहनेछन ।
- समुहमा १ दिने स्थलगत तालिम संचालन गरिनेछ ।
- हिट सिन्क्रोनाईजेशनको प्रकृया अनुसार नै सम्पूर्ण प्रकृया गरिनेछ ।
- हिउदे तथा बर्षे,बहुबर्षे घाँस प्रसारण गर्नका लागी बिउ,सेट्स बितरण गरिनेछ ।
- कार्यक्रम पूर्ण निशुल्क गरिनेछ ।

## घ) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क.स. | विवरण | ईकाई | दर |
|---|---|---|---|
| १. | समुह गठन | गोटा/प्रति समुह | १०००। |
| २. | स्थलगत तालिम | गोटा/प्रति समुह | ५०००। |
| ३. | हिट सिन्क्रोनाईजेशन प्रक्रिया समाग्री खरिद | आवश्यक्ता अनुसार | स्विकृत/ प्रचलति दर |
| ४. | कृत्रिम गर्भदान सामाग्री खरिद | आवश्यक्ता अनुसार | स्विकृत/ प्रचलति दर |
| ५. | घाँसको बिउ,सेट्स खरिद | | स्विकृत/ प्रचलति दर |
| ६. | ढुवानी | | स्विकृत/ प्रचलति दर |

### ७.१.५ दुग्ध उत्पादनमा आत्मनिर्भरताका लागी सहकार्यमा उन्नत गाई/ बाछी दुवानी तथा बितरण

## क) परिचय/पृष्ठभूमिः

हतुवागढीमा दुधको मांग अनुसारको आपुर्ति भईरहेका छैन । त्यसका लागी उन्नत गाई भैसी पालन गर्न जरुर देखिन्छ । उन्नत नश्लका पशु पालन अन्तर्गत गाईपालनलाई समुह मार्फत अगाडी बढाउन खोजिएको छ । जसबाट दूध उत्पादनमा बृद्धि भई मांगको आपुर्ति भई आम्दानीमा पनि बृद्धि हुने छ भने सडक सञ्जालको बिस्तार संगै डेरीको स्थापना हुने छ ।

## ख)कार्यक्रमको उद्देश्यः

- उन्नत पशुपालन बाट दूधको उत्पादन बढाउने मूल उदेश्य रहनेछ ।

## ग)कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- यस कार्यक्रम संचालनका लागि  समुह गठन गरिनेछ, जसमा कम्तिमा ९ सदस्य रहनेछ ।
- समुहमा १ दिने स्थलगत तालिम संचालन गरिनेछ ।
- हिउदे तथा बर्षे,बहुबर्षे घाँस प्रसारण गर्नका लागी बिउ,सेट्स बितरण गरिनेछ ।
- कृषकहरुले प्रति सदस्य १ वटा उन्नत गाई/बाछी खरिद गर्नेछन । ढुवानी अनुदान दिईनेछ ।
- समुहमा प्राकृतिक गर्भदानका लागी १ उन्नत बिउ गोरु खरिद तथा ढुवानीमा पूर्ण अनुदानमा उपलब्ध गरिनेछ ।
- समुहको खातामा ढुवानी अनुदान उपलब्ध गराउने, कृषकहरुले बाछी आफ्नै लगानीमा खरिद गर्नु पर्नेछ । ढुवानी रकम विल भर्पाईको आधारमा अनुदान उपलब्ध गराईनेछ ।

## घ) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क.स. | विवरण | ईकाई | दर |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १. | समुह गठन | गोटा | १०००। |
| २. | स्थलगत तालिम | गोटा | ५०००। |
| ३. | गाई/बाछी खरिद | गोटा | स्विकृत/ प्रचलति दर |
| ४. | ढुवानी अनुदान(प्रति सदस्य १) | गोटा | ५०००। |
| ५. | साढे खरिद तथा ढुवानी | गोटा | स्विकृत/ प्रचलति दर |
| ६. | घाँसको बिउ,सेट्स खरिद | | स्विकृत/ प्रचलति दर |
| ७. | ढुवानी | | स्विकृत/ प्रचलति दर |

## ७.१.६ पशु आहारा अन्तर्गत घाँस विकाशका लागी सहकार्यमा स्रोत केन्द्र स्थापना

### क) परिचय/पृष्ठभूमिः

पशुपालन बाट कम लागतमा बढी उत्पादन लिनका लागी पशुपालक कृषकहरुलाई उन्नत घाँस खेतीको विकल्प रहदैन तसर्थ हतुवागढी क्षेत्रमा उन्नत पशुपालन संगै घाँस खेतीलाई पनि अगाडी बढाउनु पर्ने देखिएको छ । उन्नत घाँस खेतीकालागी स्रोत केन्द्र यस क्षेत्रमा नभएको हुदा स्रोत केन्द्र स्थापना गरिनेछ जसबाट सहज रुपमा यस क्षेत्रका कृषकहरुले घाँसको विउ,बिरुवा,सेट्स पाउनेछन ।

### ख) कार्यक्रमको उद्देश्यः

- कृषकहरुले सहज रुपमा उन्नत घाँसको बिउ,बेर्ना, सेट्स पाई पशु आहाराको सहज आपूर्ती हुनेछ ।

### ग) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः

- स्रोत केन्द्र स्थापनाका लागी सूचना प्रकाशन गरिनेछ ।
- कार्यक्रम संचालनका लागि लक्ष्य अनुसार व्यक्ति/फर्म छनौट गरिनेछ ।
- तोकिए अनुसार संचालन प्रकृया गरिनेछ ।
- तोकिए अनुसार सम्झौता गरिनेछ ।

### घ) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः

| क्र.स. | विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | घासको बिउ,सेटस खरिद | गोटा/के.जी. | स्विकृत/ प्रचलति दर |
| २ | ढुवानी | | स्विकृत/ प्रचलति दर |

## ७.१.७ सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना

### क)पृष्ठभूमिः

देशमा व्यवसायिक रुपमा गाई, भैसी पालन गरी दुध उत्पादन व्यवसाय अपनाउने कृषक उद्यमीको संख्या बढी रहेको देखिन्छ। तर यसको आधुनिकीकरण र यान्त्रिकरण नहुदा उत्पादन लागत घटाउन सकिएको छैन।त्यसै गरी दुध तथा दुग्ध पदार्थको गुणस्तर राष्ट्रिय मापदण्ड अनुसार प्राप्त गर्न सकिएको छैन।दुग्ध उत्पादन व्यवसायलाई प्रतिस्प्रर्धात्मक रुपमा विकास गर्न र गुणस्तरीय दुध तथा दुग्ध जन्य पदार्थको उपभोग गर्न पाउने उपभोक्ताको हक संरक्षण गर्न समेत आवश्यक भएकाले हतुवागढी गाउपालिकाले स**हकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी**स्थापना तथा सञ्चालन कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शि रुपमा स्थापना र सञ्चालन गर्न यो कार्यविधि जारी गरिएको छ।

**ख**) कार्यक्रमको उद्देश्यहरुः

१. स्वस्थ्य तथा स्वच्छ दुध उत्पादनमा सहयोग पुर्याउने ।

२. व्यावसायिक कृषकहरुको दुध उत्पादन लागत कम गरी व्यवसायलाई प्रतिस्पर्धात्मक बनाउने

३. संभाव्य कृषकहरुका लागि नमुनाको रुपमा **सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी** स्थापना बाट दुध उत्पादनमा अग्रसर गराउने ।

**ग**) कार्यक्रम सञ्चालन प्रकृया

१. गाउपालिकाले तोकीएको ढांचामा प्रस्ताव आह्वान गर्ने छ। व्यक्ति/सहकारी/फार्महरुले सम्वन्धित कार्यालयमा तोकिए अनुसारनिवेदन पेश गर्नु पर्नेछ ।

२. गाउपालिकाको कार्यदलले फिल्ड भेरीफिकेशन/मुल्यांकण गरि छनौटको सूचि तयार गर्नेछ।

३. छनौट भएका साझेदार फार्मले मेसिन उपकरण अनुदानमा पाउनेछन अन्य व्यवस्था आफैं गर्नु पर्नेछ ।

४. छनौट भएका फार्म सँग कार्यालयले सम्झौता गर्नेछ।

५. कार्यक्रम संचालन गर्ने व्यक्ति/सहकारी/फार्मलाई आवश्यक सामग्री हस्तान्तरण गरिनेछ।

६. साझेदारले कार्य सम्पन्न भएपछि तोके अनुसार प्रगति फारम भरी कार्यालयमा मासिक रुपमा पेश गर्ने गर्नु पर्नेछ ।

७. साझेदार संस्थाले सम्झौता बमोजिम कार्य गरे नगरेको विषयमा सरोकारवाला निकायहरुबाट नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

## घ) संरचनागत व्यवस्था

### १. कार्यदल

गाउपालिकामा सञ्चालन गरिने पशुपंक्षी विकास सेवा कार्यक्रमको व्यवस्थापनको लागि पशु विकास कार्यदल रहनेछ। यस कार्यदलले कार्यविधिमा तोकिए अनुसारका कार्य गर्नेछ। पशु विकास कार्यदलको गठन निम्नानुसार हुनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख) योजना शाखा | सदस्य |
| ग) संयोजक पशुपंक्षी शाखा | सदस्य-सचिव |

### २.कार्यदल को काम कर्तब्य र अधिकार

कार्यक्रमलाई व्यवस्थीत बनाउन यस कार्यदलले आवश्य निर्णय गरि कार्यक्रम संचालन गरिने सेवा कार्यक्रम तर्फको स्वीकृत कार्यक्रमहरुको शुरु देखि कार्यक्रमको अन्त्य सम्म गर्नु पर्ने सम्पूर्ण कार्य गर्नेछ ।

### ३.समन्वय तथा अनुगमनसमिति :

पशु विकास सेवा कार्यक्रमको सञ्चालन सम्बन्धी कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको एउटा समन्वय तथा अनुगमन समिति हुनेछ ।

| | |
|---|---|
| १. गाउपालिका प्रमुख | संयोजक |
| २. प्र.प्र.अ. | सदस्य |
| ३. सम्बन्धित वडा अध्यक्षँ | सदस्य |
| ३. संयोजक कृषि शाखा | सदस्य |
| ४. संयोजक म.वि. शाखा | सदस्य |
| ५.संयोजक पशुपंक्षी शाखा | सदस्य-सचिव |

### घ. समितिको काम, कर्तव्य र अधिकार

१. कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागि आबश्यक समन्वय गर्ने , यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा परेमा सो फुकाउनका साथै यस कार्यविधिको व्याख्या गर्ने कार्य यो समितिको हुनेछ। यो समितिको बैठक संयोजकले तोकेका बखत बस्नेछ ।

२. यस समितिले कार्यविधिको कार्यान्वयनको लागि आबश्यक अनुसुचीहरु निर्माण गर्ने , थपघट गर्ने तथा संशोधन गर्ने कार्य गर्नेछ ।

३. समितिले आबश्यक्ता अनुसार अनुगमन गरि प्रतिवेदन तयार गर्नेछ ।

### ङ. कार्वाहीको व्यवस्थाः

छनोट भएका कृषकहरुले प्राप्त रकम /सामग्रीको दुरुपयोग गरेको पाइएमा वा असम्बन्धित क्षेत्रमा खर्च गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

**च. प्रचलित कानून लागू हुनेः** प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।

**छ. कार्यबिधि संशोधन तथा परिमार्जनः** समितिले यस कार्यबिधि तथा यसका अनुसुचीमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

**ज**) आर्थिक प्रशासन सेवाः

यस कार्यक्रमको आर्थिक कारोबार गर्दा प्रचलित कानुन बमोजिम गरिनेछ ।

**झ) थपघट वा हेरफेर गर्न सक्ने**

यो कार्यविधिको कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउपलिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने अधिकार गाउँपालिकाको हुनेछ ।

# अनुसूचिहरु

## समुहको विधान (नमुना)

**प्रस्तावना**

कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन,उत्पादन सामाग्री सुलभ बनाउन उत्पादित सामाग्रीको बिक्रि वितरण, भन्डारण व्यवस्थापन गरी उन्नत विउ एवं आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि हतुवागढी गाउँपालिकाको कार्यालयको सहयोगमा श्री .................. कृषक समुह गठन गर्यौं ।

**१. प्रारम्भिकः**

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क) यस समुहको नाम “श्री ....................... कृषक समुह, २०७५ रहने छ ।

ख) यो विधान हतुवागढी गाउँपालिकामा दर्ता भएपछि तुरुन्त लागू हुनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क) समुह भन्नाले यस विधानमा उल्लेखित पशुपंक्षीपालन कार्यद्धारा पशुपंक्षी उपजको उत्पादन, उत्पादकत्व बढाई आयआर्जनमा संलग्न कृषकहरुको समुहलाई जनाउने छ ।

ख) सदस्य भन्नाले कृषक जो ............................ कृषक समुहको उद्देश्य अनुसार उत्पादन, उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ ।

ग) कार्य समिति भन्नाले “विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य सहितको पदाधिकारीहरुलाई जनाउने छ ।

घ) साधारणसभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**१.३ समुहको छापः**

हतुवागढीको लोगो अंकित गोलो घेरा भित्र यस समुहको नाम “श्री .............. कृषक समुह , २०७५ पढ्न सकिनेछ ।

**१.४ समुहको कार्यालयः**

यस समुहको कार्यालय भोजपुर जिल्ला हतुवागढी गा.पा. वडा नं. .......... मा रहनेछ ।

**१.५ समुहको दर्ताः**

कृषक समुह गाउँपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ । साथै अनिवार्यरुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरि स्थाई लेखा नम्बर (PAN) लिनुपर्नेछ ।

**२.उद्देश्य र कार्यः**

**२.१ उद्देश्य**

सदस्यहरुको सामाजिक, आर्थिक, कृषिजन्य व्यवसायिक हितलाई ध्यान राखि देहायमा उल्लेखित समुहको उद्देश्य हुनेछ ।

क) पशुपंक्षीपालनलाई आधुनिकिकरण एवं विविधिकरण गरि उत्पादकत्व, उत्पादन वृद्धिकालागि एक जुट भई काम गर्ने ।

ख) सदस्यहरुको आर्थिक तथ सामाजिक जिवनस्तर उठाउने ।

ग) सदस्यहरुमा स्वालम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययिताको भावनाको विकास गर्ने ।

समुहको विधानको दफा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समुहले देहाय बमोजिमका कार्यहरु गर्नेछ

उन्नत प्रविधिबाट पशुपंक्षी पालन गरि उत्पादन एवं उत्पादकत्व बढाई आयवृद्धि गर्ने । स्रोत केन्द्र स्थापना गर्ने । उन्नत प्रविधि अपनाउने । समुहमार्फत बजार व्यवस्थापन गर्ने ।कृषकहरुद्धारा उत्पादित वस्तुको बजार मुल्यमा एकरुपता ल्याउने । सदस्यहरुको सिप विकासका लागि कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गर्ने ।समुहको वार्षिक योजना तयार गरि लागू गर्ने । हितकोष संकलन, परिचालन, सदस्यहरुलाई ऋण सेवा उपलब्ध गराउने । अन्य पशुपालनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ३.सदस्यता

एउटै उद्देश्य र समान आर्थिक अवस्था भएका र यस समुहको विधानको परिधिभित्र रहने इच्छा भएका व्यक्तिहरु समुहको सदस्य हुने छन् ।

### ३.१ सदस्यको लागि योग्यता

क) अनिबार्य पशुपालन गरेको।ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको ।घ) कृषक, कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।ङ) १६ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

### ३.२ साधारण सदस्य :

सदस्यता शुल्क रु...... तिरी साधारण सदस्यताको निवेदन दिई कार्यसिमितको निणर्य बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्नेछ । यस्तो सदस्यले मासिक बचत रु. ...... प्रत्येक मिहना जम्मा गर्नुपर्नेछ । समूह गठन भईसकेपछि कुनै पनि योग्यता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

### ३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)

कार्य सिमितले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहयाई सदस्यता समाप्त गर्न सक्नेछ

क) तोकिएको मासिक बचत तथा अन्य तिनुपर्ने रकम ३ महिना सम्म नतिरेमा । ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्काशन गरेमा । ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर सिफारिस गरेमा । घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा । ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा । च) मृत्यु भएमा । छ) समूहको सिद्धान्त वा प्रतिष्ठामा आचँ आउने कार्य गरेमा । ज) अन्य कानुन विपरीत कार्य गरेमा ।

## ४. साधारण सभा तथा कार्य सिमित

### ४.१ साधारण सभाः

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छन् जुन समूहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्ने छ । साधारण सभा वषर्मा एक पटक बस्ने छ । तर आवस्यक्ता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ

### ४.२ साधारण सभाको अधिवेशनः

कार्य सिमितले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको मिति, समय, स्थानको तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

### ४.३ साधारण सभाको काम, कतर्व्य र अधिकार :

क) कार्य समितिको निर्वाचन गर्न तथा गठन गर्न ।ख) विधान संशोधन गर्न ।ग) वार्षिक बजेटको अनुमोदन गर्न । घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्न ।ङ) समूहको वार्षिक कार्य योजना बनाउने । च) समूहले कार्य योजना बनाउँदा कम्तिमा ६० प्रतिशत पशु सेवाका कार्यक्रम बनाउने ।

### ४.४ साधारण सभाको गणपूरक संख्याः

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहको उपिस्थितमा हुनु पर्नेछ । यदि सो नभए फेरी ७ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सद स्यको ३३ प्रतिशत उपिस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

### ४.५ कार्य समिति गठन विधि :

क) कार्य सिमित ७ सदस्यीय हुनेछ । ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य हुने छन् । आवस्यकता अनुसार उपाध्यक्ष तथा सह-सिचवको पनि व्यव स्था गर्न सकिने छ । ग) कार्य समितिका पदाधिकारीहको बैठक हरेक महिनाको ...............गते/ दिन हुनेछ । तर आवस्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।घ) कार्य समितिको पदाधिकारीहको कार्य अवधि २ वर्षको हुनेछ ।ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको गणपूरक संख्या दुइतीहाइ लाई मानिनेछ तथा निणर्य बहुमद्धारा हुनेछ । छ) साधारण सभाका सदस्यहरुले आफुमध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहको चयन गरि कार्य समिति गठन गर्नेछ । तर अध्यक्ष, सचिव वाकोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्यरुपमा हुनु पर्दछ

### ४.६ कार्य समितिको काम, कतर्व्य र अधिकार :

क) विधानको परिधि भित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालन गर्ने ।ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको कृयाकलाप संचालन गर्ने ।ग) सहकारी तथा गैर सहकारी संस्थाहरुसँग सम्पर्क वृद्धि गर्ने कृषि सम्बन्धी अन्य सघं संस्थाहरुसँग सम्पर्क गरि बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।घ) सहकारीमा जाने प्रयास गर्ने ।ङ) समूहको कार्ययोजना बनाई लागु गर्ने ।च) समूहको वार्षिकप्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

### ४.७ समूहको बैठक :

समूहको नियमित बैठक प्रत्येक महिनाको ........ गते बस्ने छ ।समूह बैठक कार्य समितिले निधो गरेको ठाउँ, मिति र समयमा नियमित रुपमा बस्ने छ ।पुर्व निर्धारित बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनु पर्छ।

लगातार तीन बैठकमा अनुपस्थित हुने सदस्यलाई समूहको सहमतिको आधारमा निष्कासित गरिनेछ ।

## ५. पदाधिकारीको काम, कतर्व्य र अधिकार

### ५.१ अध्यक्षको काम कतर्व्य अधिकारः

- आवस्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने ।

- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूहलाई कृयाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवस्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले मांग गरे अनुरुप विशेष साधारण सभा बोलाउने
- समूहले तोकेको काम कारबाही गर्ने ।
- समूहमा उठेका विवाद समाधान गर्ने ।
- समूह र स्थानीय तहको सम्बिन्धत निकायहरुसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समूहको निणर्य, कार्यक्रम र कृयाकलाप तथा भएका कारवाही एवं समस्याहरुको अभिलेख राख्न सचिवलाई सहिजकरण गर्ने।
- वार्षिक कार्ययोजनाको कायान्र्वयन एवं समूह परिचालनको नेतृत्व लिने ।
- समूह बैठकमा भएका निणर्य, वार्षिक साधारण समितिका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवस्यकता अनुसार सम्बिन्धत निकायमा पेश गर्ने ।
- समूह सदस्यहलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउनु साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कायान्र्वयन गर्न लगाउने ।
- सदस्यहलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
- समूह सदस्यहरुबीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

## ५.२ उपाध्यक्षको काम, कतर्व्य र अधिकार

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

## ५.३ सचिवको काम, कतर्व्य र अधिकार

- ✓ अध्यक्षसंगको परामर्शमा बैठक बोलाउने ।
- ✓ बैठकको तयारी गर्ने ।
- ✓ समूहको निणर्य पुस्तिका तयार गर्ने ।
- ✓ समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
- ✓ समूह बैठक एवं साधारणसभाबाट पारीत निणर्यको कायान्र्वयनका लागि पहल गर्ने ।
- ✓ वार्षिक प्रतिवेदन तयार पारी साधारणसभामा पेश गर्ने ।
- ✓ समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।
- ✓ कार्य समितिले तोकेको कार्य गर्ने ।

## ५.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

- समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूह हितकोष व्यवस्थापन गर्ने ।
- समूहको सबै कोषको हिसाब किताब सुरिक्षत र दुरुस्त राख्ने ।
- समूहको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने ।
- समूहको वार्षिक बजेट तयार पार्न र साधारणसभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरिक्षण गराउने ।
- समूह अध्यक्ष वा सचिव सँग मिली खाता संचालन गर्ने।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**५.५ कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकार**

- आवस्यकता अनुसार समूहका अन्य उपसिमितमा रहि जिम्मेवारी बहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

**६. आर्थिक व्यवस्था**

**६.१ आर्थिकश्रोत :**

क) यस समूहको सदस्यहरुबाट उठेको सदस्यता शुल्क

ख) समूहको अन्य कृयाकलापबाट भएको आम्दानी

ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम

घ) समूहबाट ऋण लगानी गर्दा उठेको व्याज

ङ) समूहले अन्य संघ/ संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट .............. प्रतिशतलेबी

च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत

छ) बिलम्व शुल्कबाट प्राप्त रकम

ज) अन्य कानुन बमोजिम प्राप्त हुने रकम

**६.२ हितकोष :**

क) श्री ..............................कृषक समूहको एक हितकोष हुने छ ।

ख) श्री ..............................बैंकमा समूहको खाता रहने छ ।

**६.३ हितकोष परिचालन :**

क) हितकोष रकमको कम्तीमा ५० प्रतिशत पशु सेवा कार्यमा संचालन गर्नु पर्नेछ ।

ख) समूह सदस्यलाई आवस्यकता भएमा हितकोषबाट ऋण/ सापटी लिन सकिने छ।

ग) सदस्यले ऋण माग गर्न निवेदन दिनुपर्ने छ ।

घ) कृषि कार्यको लागि लिइएको ऋणमा ...................... प्रतिशत मासिक व्याज लाग्नेछ ।

ङ) अन्य ऋणमा ................. प्रतिशत मासिक व्याज लाग्ने छ ।

च) मासिकव्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनुपर्नेछ ।

छ) ऋण लिँदा ऋण रकमको ......... प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

ज) ....................बैंकमा समूहको अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

श्रोत/हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवस्यक खर्च र आन्तिरक लगानी) मा विभाजन गर्न सकिन्छ।

**क)आवस्यक खर्चः**

आवस्यक खर्च भन्नाले कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ।

- ✓ कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्र पत्रिका)
- ✓ फर्निचर खर्च
- ✓ ढुवानी तथा घर भाडा
- ✓ अन्य संस्थासँग सदस्यता लिँदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च
- ✓ लेखा परिक्षण खर्च
- ✓ कमर्चारी पारिश्रमिक खर्च

- ✓ साधारण सभा खर्च
- ✓ विविध (समूहको बैठकमा चिया नास्ता आदि) ।

**ख) आन्तिरक लगानीः**

आन्तिरक लगानी भन्नाले समूहभित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ । जस्तै :-

- ✓ उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामाग्री खरिद-बिक्री)
- ✓ मल, बीउ, बाली संरक्षण, तरकारी बोटविरुवा किन्न र प्रयोग गर्न
- ✓ आयमुलक कार्य गर्न (फलफुल खेति, बंगुरपालन आदि)।
- ✓ घरेलु आयमुलक कार्य गर्न (स्थानीय सीप , रेशम पालन, सिलाई बुनाई, मौरी पालन, तरकारी खेती, करेसाबारी आिद)
- ✓ सामाजिक कार्य जस्तै सफाई अभियान , पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो नि र्माण,स्वास्थ्य, महिला विकास, वातावरण संरक्षण आदि)
- ✓ सिप विकास जस्तै प्याकिङ, नसर्री, तालिम
- ✓ बौद्धिक कार्य जस्तै तालिम, प्रवचन, भ्रमण गोष्ठी आदि ।
- ✓ पूँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि।

### ६.४ बिलम्ब शुल्क :

क) मासिक बचत रकम तोकेको समयमा नितरेमा पहिलो महिना प्रति दिन रु. ......बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोस्रो महिना प्रति दिन रु. ......बिलम्ब शुल्क लाग्ने छ ।

ग) तेस्रो महिना प्रति दिन रु............

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना बुझाउनु प र्ने ऋण कि स्ता र व्याज नबुझाएमा प्रहिलो महिना रु....... प्रति दिन दोस्रो महिना रु...... प्रति दिन र तेस्रो महिना रु...... प्रति दिन बिलम्ब शुल्क लाग्ने छ । चौथो महिना ऋण रकम व्याज हरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।

छ) जमानी सद स्यले ऋण पाउने छैन तर ऋणी सद स्यले ऋण तिरीसकेपछि जमानी सद स्यले ऋण पाउन सक्ने छ ।

ज) ऋण लिएको सदस्यले अर्को सदस्यको जमानी बस्न पाउने छैन ।

झ) ऋण लिनको लागि रु ..... सम्म एक सद स्यको जमानी ......सम्म दुई सद स्य र ....सम्म तिन सद स्यको जमानी चाहिनेछ ।

### ६.५ लगानीको सुरक्षणः

कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण लिन पाउने छ ।यदि व्यक्तिको नाममा संकिलत हितकोषको ९०% भन्दा बढी ऋण लिनुप र्ने भएमा सोही समूहका अन्य २ जना सद स्यको सामुहिक जमानीमा ऋण दिन सकिनेछ ।ऋण लिने व्यक्तिले ति र्नुपर्ने साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यमार्फत असुलउपर गरिनेछ । यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा प्रचिलत नियमानुसार कारबाही प्रकृया अगाडी बढाईनेछ । ऋण लगानी एवं असुलउपर गर्न ऋण उप-समितिको स्वीकृति लिनुपर्ने छ । ऋण उप-समितिका सद स्यहरु कसैको पनि जमानी बस्न पाईने छैन

**६.६ लेखापिरक्षण** : प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखा परिक्षण अनिवार्यरुपमा गराउनु पर्दछ । यसरी गरिएका लेखा परिक्षणहरु वार्षिक साधारणसभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ । मुनाफा सम्पुर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परीक्षण पछि निजहको हिसाव खातामा जम्मा गर्नु पर्दछ ।

## ७. विविध

### ७.१ निर्वाचन सम्बन्धी व्यवस्था :

यस समूहको का र्यसमिति कायम रहेको अव स्थामा सोही का र्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सद स्यहरुको बैठकले निवार्चन अधिकृत नियुक्त ग र्नेछ । सो नि र्वाचन अधिकृतले नि र्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भि त्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य सिमितले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीह रुलाई मतदान वा सहमति द्धारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

### ७.२ पदावधि :-

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुने छ।

ख) सो गठित कार्य समितिको पदावधि समा प्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो का र्यकाल समाप्त हुन १ महिना अगावै नि र्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्ने छ ।

घ) कार्य समितिको पदावधि समा प्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागज पत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाई अथवा कायार्लय सचिव भए सो लाई बुझाई सो को भरपाई लिन प र्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नुपर्ने छ ।

### ७.३ उम्मेदवारको अयोग्यता :-

क) (व्यक्ति) जो पशुपालन पेशामा संलग्न छैन ।

ख) (व्यक्ति) जो पशुपालन समूहमा छैन ।

ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरीत कार्य गर्दछ ।

घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

ङ) फौजदारी अभियोगमा सजाए पाएको व्यक्ति ।

### ७.४ अविश्वासको प्रस्ताव :-

साधारण सभाको सद स्यहरु मध्येबाट एक तिहाई सद स्यहरुले कार्य समिति उपर अ विश्वासको प्रस्ताव ल्याई दुई तिहाई सद स्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुनेछ । तर अ विश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

### ७.५ राजीनामा :-

यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् ।कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनिहरु आफ्नो पदमा बहाली रही रहने छन् ।

**७.६ विधान संशोधन :-**

समूहको विधान संशोधन गर्न आवस्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संसोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ । साथै संशोधित विधान हतुवागढी गाउँपालिकाबाट अनुमोदित नभएसम्म संसोधन भएको मानिनेछैन ।

**७.७ नियम बनाउने :-** साधारण सभाले आन्तिरक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**७.८ उप-सिमितहरु गठन गर्न सक्नेछ :-**

साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्यपुरा गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

**७.९ विघटनः**

समूहको विधान बमोजिम कार्यसञ्चालन गर्न नसकि वा उद्देश्य पुरा गर्न असफल भए वा २ वषर्सम्म समूह नविकरण नभएमा समूह विघटन हुने छ । यसरी समूह विघटन भए बचत रकम सम्पुर्ण सदस्यलाई फिर्ता गर्नुपर्ने छ ।

**७.१० समूह छोड्नुपर्ने अवस्था/ सदस्यको मृत्यु/ सदस्यले पाएको अवसरः**

कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरि बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पुर्ण रकम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै पनि संघ/संस्था/ कार्यालयबाट पाएको कुनैपनि अवसर सामाग्रीहरु आवस्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**७.११ समूहको चल अचल सम्पति :**

समूह विघटन भए पश्चात समूहको चल अचल सम्पति हतुवागढी गाउँपालिकाको निर्णय बमोजिम हुनेछ। उक्त निर्णय चित्त नबुझेको खण्डमा हतुवागढी गाउँपालिकाको न्यायीक समिति समक्ष निवेदन पेश गर्न सकिनेछ र सो निर्णय नै अन्तिम हुनेछ ।

# कृषक समुह दर्ता फाराम

१. दर्ता नं. :-
२. समुहको नामः-
३. समुहको किसिमः-
४. समुहकोठेगानाः-जिल्ला................ गा.पा..........................वडा नं. ........
५. गठन मितिः-
६. समुहको किसिमः महिला(     )     पुरुष(     )   मिश्रित(     ) बाली विशेष(     )
७. जम्मा सदस्य संख्याः-            महिलाः            पुरुषः
८. गठन हुँदा समुहको उद्देश्यः-

# समुह दर्ताको लागि निवेदन

श्री हतुवागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपूर

यस गाउँपालिका क्षेत्र भित्र गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ ।

**समुहको विवरण**

कृषक समुहको नाम..............................................स्थापना वर्ष..............
ठेगाना .........................
समुहको उद्देश्य.............................................. समुहको किसिम.............
सदस्य संख्याः पुरुष................. महिला.................. जम्मा .........................

## पदाधिकारीहरुको नामः

| क्र.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | | |
| २. | | उपाध्यक्ष | | | | | |
| ३. | | सचिव | | | | | |
| ४. | | कोषाध्यक्ष | | | | | |
| ५. | | सदस्य | | | | | |
| ६. | | सदस्य | | | | | |
| ७. | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिन......................
प्रति महिना समुहको हितकोषमा जम्मा संकलन हुने रु. ........................
हालसम्म हितकोमा जम्मा रकम रु. ................................

...........................
अध्यक्ष

# समूह सदस्यताको लागि निवेदनको ढाँचा

श्रीमान् अध्यक्ष ज्यू

..............................कृषक समूह

हतुवागढी गाउँपालिका वडा नं........... भोजपूर

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सद स्यता प्राप्त गर्ने इच्छुक भएकोले नियमानुसार सदस्यता प्रदान गर्नु हुन विनम्र अनुरोध गर्दछु ।

विवरण

नामः–

बावुको नाम ः–

ठेगाना ः–

शैक्षिक योग्यता ः–

पेशामा दखल ः–

खेती/जग्गाको तथा पशुपालनको विवरण ः–

पालन गरेका पशुको जात र संख्याः–

समूहको सदस्यताको सिफारिस ः–

१) नाम ः– दस्तखत ः–

२) नाम ः– दस्तखत ः–

निवेदकको नाम :-

दस्तखत :-

# ऋण मांग फारामको नमुना

मिति :–

श्रीमान् अध्यक्ष ज्यू
..............................कृषक समूह
हतुवागढी गाउँपालिका वडा नं........... भोजपूर

## विषय : ऋण उपलब्ध गराईदिने बारे ।

महोदय

उपरोक्त सम्बन्धमा मलाई ............................................. कामको लागि रकमको आवस्यकता परेकोले रु .................. अक्षरेपी ............................... मात्र समूह हितकोषबाट ऋण उपलब्ध गराई दिनु हुन अनुरोध गदर्छु । साथै यसै निवेदनको साथ जमानी सद स्यहरुको सिफारिस पेश गरेको छु । नियमानुसार रु ........... (अक्षरेपी .................. मात्र) ऋण किस्ता, मासिक व्याज, मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउने छु ।

निवेदक
दस्तखतः
नामः

जमानी सदस्यहरु :

| नाम, ठेगाना :– | दस्तखत : | दःतखत :– |
|---|---|---|

कायार्लय प्रयोजनको लागि

मांग भए बमोजिमको ऋण रु..................(अक्षरेपी ..........................................मात्र) मासिक किस्ता रु ........................................(अक्षरेपी .......................................मात्र) उपलब्ध भएको मिति :–

उपलब्ध भएको चेक नं :–

| कोषाध्यक्ष | सचिव | अध्यक्ष |
|---|---|---|

हतुवागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

| |
|---|
| फोटो |

प्रदेश नं. १,नेपाल

# प्रमाण-पत्र

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै पशुपन्छी सेवा कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले कृषक समूह दर्ता कार्यविधि, २०७५ (हतुवागढी गाउँपालिका, घोडेटार,भोजपुर) वमोजिम भोजपूर जिल्ला, हतुवागढी गाउपालिका वडा नं....... को ............ टोलमा मिति.............. मा गठित श्री .................................. कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

दर्ता नं.:

मिति:

..................................
(प्रमुख प्रशासकीय अधिकृत)

## नविकरण रेकर्ड

**कृषक समुहको नाम :**
**ठेगाना :**

| क्र.स. | नविकरण गरेको मिति | र.नं. | समुह दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

# घाँसको नर्सरी स्थापना सम्बन्धि व्यवस्था

घाँस श्रोत केन्द्र, कृषक समुह/समिति/फर्म, घाँसेबाली उत्पादक ब्यवसायिक कृषकहरुमा घाँसको नर्सरी स्थापनागरी वेर्ना/स्लीप/सेटस उत्पादन गर्नको लागि तपसील बमोजिम कार्यक्रम संचालन गर्न सकिनेछ ।

**संचालन प्रकृया :**

१. हतुवागढी गाउपालिका पशु पंक्षी सेवा शाखाको समन्वयमा घाँसेबाली उत्पादक ब्यवसायीक कृषक/फार्म/समुह/समिति/सहकारी वा घाँस विकास श्रोत केन्द्र भएको स्थानमा उक्त केन्द्रलाई घाँसको नर्सरी स्थापनाको लागि छनौट गरिनेछ । यसरी श्रोत केन्द्र छनौट गर्दा घाँसको बेर्ना/स्लीप उत्पादन हुने सम्भाब्यता र नर्सरीको लागि न्यूनतम आबश्यकता पुरा गर्नेलाई मात्र छनौट गर्नु पर्नेछ । स्थानीय आवश्यकता र दक्षताको आधारमा बहुबर्षिय र डाले घाँसको अलग अलग वा दुबै नर्सरी स्थापना गर्न सकिनेछ । एउटा नर्सरीको क्षेत्रफल कम्तीमा २ रोपनीको हुनुपर्ने छ ।
२. गाउँपालिकाबाट स्रोत केन्द्रसंग डाले घाँस वा बहुबर्षिय घाँसको नर्सरीबाट बार्षिक बेर्ना/ स्लीप उत्पादनको लागि सम्झौता गरिनेछ ।
३. स्रोतकेन्द्र संचालकलाई नर्सरीका प्राविधिक र ब्यवस्थापकीय पक्षबारे जानकारी गराईने छ ।
४. नर्सरी स्थापनाको लागि आवश्यक बीउ/बेर्ना/स्लीप/पोलिपट ढुवानी समेतको खर्च कार्यक्रमबाट निशुल्क उपलब्ध गराईने छ ।
५. नर्सरी स्थापनाका लागि आवश्यक सिंचाई सामग्री/उपकरणहरु उपलब्ध गराईने छैन ।
६. यस प्रकृयाबाट नर्सरी स्थापना कार्यक्रम उक्त संस्थालाई एक पटकको लागि मात्र प्रदान गर्ने र त्यस पछि स्वयं आत्मनिर्भर हुनु पर्नेछ ।

**द्रष्टब्य :**

- *यस कार्यविधिमा उल्लेख नभएको विषयहरुको हकमा हतुवागढी गाउपालिको मापदण्ड, निर्देशिका, नर्मस् तथा प्रचलित कानून बमोजिम हुनेछ ।*
- *सबै कार्यक्रमहरु बिनियोजित वजेट र स्विकृत कार्यक्रमको परीधि भित्र रही संचालन गर्नुपर्ने छ ।*

## सहकार्यमा घाँस स्रोतकेन्द्रसंग हुने सम्झौता पत्रको नमुना

हतुवागढी गाँउपालिका घोडेटार, भोजपूर मार्फत संचालन गरिने चालु आ.व. ............. को स्विकृत पशुपन्छी विकास कार्यक्रम संचालन गर्न हतुवागढी गाउपालिका (यसपछि पहिलो पक्ष भनिने) र श्री ...................................... .............................................. (यसपछि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तनामाहरुमा मंजुर भई घाँस स्रोत केन्द्र स्थापना कार्यक्रम सम्पन्न गर्न द्विपक्षीय सम्झौता गरियो ।

**तपशिल**

(१) कार्यक्रम संचालनको लागि आवश्यक जग्गा वा स्थानको ब्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्ने छ ।

(२) कार्यक्रमको लागि चाहिने बीउ, मल, औषधी, स-साना उपकरणहरु प्रथम पक्षले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

(३) दीगो रुपमा कार्यक्रम संचालनको लागि सम्वन्धित संस्था दोश्रो पक्षले स्रोत केन्द्र स्थापना गरि घाँसको बेर्ना ,सेट्स उपलब्ध गर्नु पर्नेछ ।

(६) दोस्रो पक्षले नियमित रुपमा सम्पुर्ण कार्यक्रमहरुको अभिलेख रजिष्टर खडा गरी ब्यबस्थित तवरले राख्नुपर्नेछ ।

(७) कार्यक्रमको मासिक रुपमा प्रगति प्रतिवेदन निर्धारित ढाँचामा दोश्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपले बुझाउनुपर्ने छ ।

(८) कुनै कारणबश कार्यक्रम संचालन हुन नसकेमा प्रथम पक्षबाट प्राप्त सम्पुर्ण सामाग्रीहरु दोस्रो पक्षले प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।

(९) यस सम्झौतामा उल्लेख नभएको अन्य ब्यहोराको हकमा प्रचलित कानुन बमोजिम अथवा दुई पक्षको आपसी सहमति अनुरुप हुनेछ ।

१०) अवधि : ................................... भित्र कार्य सम्पन्न गरि सक्नु पर्नेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको छाप |

## घाँसको विउ,स्लीप,सेट्स,गानो,विरुवा,सूक्ष्म जैविक मलको प्याकेजको दर रेट

| क्र.स | विवरण | ईकाई | दर रु. | | कैफियत |
|---|---|---|---|---|---|
| | | | बर्तमान | परिमार्जित | |
| १ | जै | के.जी | ८० | ९० | |
| २ | बर्सिम | | ४०० | ४०० | |
| ३ | भेच | | २५० | २५० | |
| ४ | ज्वाईन्ट भेच | | २५० | २५० | |
| ५ | स्टाईलो | | १२०० | १२०० | |
| ६ | मोलासेस | | १५० | २०० | |
| ७ | क्लोभर | | २७५ | ३०० | |
| ८ | राई घाँस | | २२० | २२० | |
| ९ | पास्पालम | | २०० | २०० | |
| १० | कक्सफुट | | ६५० | ७५० | |
| ११ | टिओसेन्टी | | २०० | २०० | |
| १२ | डिस्मोडियम | | २०० | २०० | |
| १३ | दिनानाथ एक बर्षे | | १५० | १५० | |
| १४ | दिनानाथ बहुबर्षे | | २१५ | २१५ | |
| १५ | बाजरा | | ११० | ११० | |
| १६ | ईपिल ईपिल/टाँकी | | १०० | १०० | |
| १७ | मेन्दोला | | २०० | २०० | |
| १८ | बदामे स्लिप | स्लिप | २ | २ | |
| १९ | डिस्मोडियम | स्लिप | २ | २ | |
| २० | नेपियर CO3,CO4 | स्लिप | २.५ | २.५ | |
| २१ | नेपियर CO3,CO4 | सेट्स(गानो) | ४ | ४ | |
| २२ | अम्रिसो | सेट्स(गानो) | ४ | ४ | |
| २३ | सिग्नल | सेट्स(गानो) | ४ | ४ | |
| २३ | ग्लाईसिन | | ४०० | ५०० | |
| २४ | बडहर,राई खन्यू,दूधिलो,निमारो,टाँकी,ईपिल ईपिल,किम्बु (लोकल ) १ बर्षे | गोटा | ३० | ३० | |
| २५ | किम्बु (हाईब्रिड ) | गोटा | ४० | ४० | |
| २६ | अन्य डाले घाँसको बिरुवा | गोटा | २० | २० | |
| २७ | सुम्बा सेटेरीया | सेट्स(गानो) | ३ | ३ | |
| २८ | एन.बि.२१ | सेट्स(गानो) | ४ | ४ | |
| २९ | पास्पालम | सेट्स(गानो) | ४ | ४ | |
| ३० | गिनी | सेट्स(गानो) | ४ | ४ | |
| ३१ | ईन्दु | के.जि | ८०० | ८०० | |
| ३२ | भटमासे | के.जि | ६०० | ६०० | |
| ३३ | मलाई (एक बर्षे) | के.जि | ५५० | ५५० | |
| ३४ | लुसर्न | के.जि | १७५ | १७५ | |
| ३५ | ईनोकुलम(२००ग्राम) | प्याकेट | ५० | ५० | |

## दरखास्त आव्हानको सुचना

## (सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना सम्वन्धि)

हतुवागढी गाउँपालिका कार्यालयको आ.व.२०...../ ..... को पशु सेवा तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार ईच्छुक निजी/फर्म/सहकारीहरुले सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना तथा सञ्चालन गर्न प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएकोछ। तोकिए बमोजिम मापदण्ड पुगेका ईच्छुक साझेदार फार्महरुले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र देहायका कागजात सहित आवेदन फारम गाउँपालिका कार्यालयमा पेश गर्नु हुन तथा विस्तृत जानकारिको लागि गाउँपालिका कार्यालयमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपशिल**

१. नेपाली नागरिकताको प्रतिलिपी

२. ब्यावसाय संचालन गर्ने घर आफ्नै भए घर भएको जग्गा धनिपुर्जाको प्रतिलिपि, भाडामा भए घर भाडा म्झौता पत्र तथा जग्गा धनिपुर्जाको प्रतिलिपि

३. सम्बन्धित वडा कार्यालयको सिफरिस

## (सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना) को लागि दिईने आवेदन पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार,भोजपुर

**विषय : सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना कार्यक्रममा सहभागी हुन पाउ बारे ।**

महोदय,

त्यस कार्यालयको मिति ............ को सूचना अनुसार सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना कार्यक्रममा सहभागी हुनपाउँ भनी तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु ।

**तपसिल**

१ तोकिएको ढांचा अनुसारको विवरण
२. नेपाली नागरिकताको प्रतिलिपी
३. तालिम, शैक्षिक योग्यताका प्रमाण-पत्रका प्रतिलिपीहरु
४. व्यवसाय छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र
५. ......................

निवेदक
दस्तखत
नामः
ठेगानाः
मितिः

## सहकार्यमा दुध संकलन केन्द्र/मिनि डेरी स्थापना तथा सन्चालन सम्वन्धि सम्झौता पत्र

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुर ................. (यसपछी प्रथम पक्ष भनिने) र जिल्ला भोजपुर,हतुवागढी गाउपालिका वडा नं. .... मा स्थायी बसोवास भई भोजपुर जिल्ला हतुवागढी गाउपालिका वडा नं. .... मा सञ्चालनमा रहेको ........................व्यक्ति/फार्म/सहकारका प्रोप्राइटर वर्ष ... का श्री ................................ (यसपछि दोश्रो पक्ष भनिने) बिच सहकार्यमा **दुध संकलन केन्द्र/मिनि डेरी** स्थापना तथा सञ्चालन गर्न तपसिलका शर्तहरु पालना गर्ने गराउने गरी यो सम्झौता गरिएकोछ ।

### तपसिल

(१) कार्यक्रम संचालनको लागि आवश्यक कोठा वा स्थानको व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्ने छ ।
(२) कार्यक्रमको लागि चाहिने चिलिङ भ्याट, क्यान, मिजरिङ,ल याक्टोमिटर अन्य उपकरणहरु प्रथम पक्षले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।
(३) प्राविधिकको ब्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ ।
(४) दिगोरुपमा कार्यक्रम संचालनको लागि दोश्रो पक्षले दुधको माँग, खपत, विविधिकरण आवश्यक पहल ` गर्नु पर्नेछ ।
(६)दोस्रो पक्षले नियमित रुपमा सम्पुर्ण कार्यक्रमहरुको अभिलेख रजिष्टर खडागरी ब्यबस्थित तवरले राख्नुपर्ने
(७) कार्यक्रमको मासिक रुपमा प्रगति प्रतिवेदन निर्धारित ढाँचामा दोश्रो पक्षले प्रथम पक्षलाई अनिवार्य रुपले बुझाउन ुपर्नेछ ।
(८) कुनै कारणबश कार्यक्रम संचालन हुन नसकेमा प्रथम पक्षबाट प्राप्त सम्पुर्ण उपकरण/सामाग्रीहरु दोस्रो पक्षले प्रथम पक्षलाई फिर्ता गर्नुपर्नेछ ।
(९) यस सम्झौतामा उल्लेख नभएको अन्य ब्यहोराको हकमा प्रचलित कानुन बमोजिम अथवा दुई पक्षको आपसी सहमति अनुरुप हुनेछ ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| नामः | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको छाप |

# व्यवसाय गर्नेको विवरण

ब्यावसाय गर्नेको नाम थर :...............................
ठेगाना :..............................
मोबाईल नं..........
दूध संकलन तथा वितरण केन्द्र स्थापना गर्ने  ठाँउ :............
दूध संकलन केन्द्र स्थापना गर्ने घर : निजि /भाडा
दूध संकलन गर्ने अनुमानित  लिटर प्रति दिन :
वितरण  अनुमानित लिटर प्रति दिन :
ब्यावसायीले  गर्ने लगानी : भौतिकः (क)..........
(ख)............
ब्यावसायीले  गर्ने लगानी : आर्थिकः  रु.......

## दुध संकलन केन्द्र/मिनि डेरी स्थापना फार्म छनौटको लागि मुल्याङ्कन फारम

| सि. नं. | फार्मको नाम | संचालकको नाम ठेगाना | सम्पर्क नं. | दुध संकलन क्षमता लिटर प्रति दिन | वितरण क्षमता | विविधिकरण | अनुभव तालिम | जैविक सुरक्षा | व्यवसायको सम्भाव्यता | | | जम्मा प्राप्ताङ्क | नतिजा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | प्राविधिक | बजार | उपयुक्तता | | |
| पुर्णाङ्क | | | | २० | २० | २० | १० | ५ | ५ | १० | १० | १०० | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

मूल्यांकन समिति

नामः
सहिः
दस्तखतः
मितिः

नामः
सहिः
दस्तखतः
मितिः

नामः
सहिः
दस्तखतः
मितिः

**दुध संकलन केन्द्र/मिनि डेरी स्थापना** कार्यक्रम अन्तरगत मिति ................ मा प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरुलाई गा.पा.स्तरिय पशु विकास कार्यदलको मिति ..............मा वसेको वैठकवाट उपरोक्त वमोजिमको मुल्याङ्कनका आधार तथा मुल्याङ्कन समितिको सिफारिस वमोजिम कार्यक्रममा समावेस हुनको लागि देहाय वमोजिमका व्यवसायिक फार्महरु छनौट गरिएको छ ।

**तपशिल**

**१.**

**२.**

**हतुवागढी गाउँपालिका**
# गाउँ कार्यपालिकाको कार्यालय
**घोडेटार,भोजपुर**

## हस्तान्तरण फाराम

श्री ………………  आ.व.
ह.फा.नं.

निम्न लिखित समानहरु मिति …………… को निर्णय अनुसार फर्म/कृषक/आयोजनाका श्री……………………….. हस्ते पठाइएको छ । सो सामान भण्डार दाखिला गरी ७ दिन भित्र प्रतिवेदन पठाईदिनुहुन अनुरोध छ ।

| क्र.स. | जि.खा. पा.नं. | जिन्सी बर्गीकरण संकेत नं. | सामानको नाम | स्पेसिफिकेशन | परिमाण | इकाई | जम्मा परल मुल्य | शुरु प्राप्त मिति | हालको भौतिक अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

………..
फांटवाला

……………
प्रमाणित गर्ने

माथी लेखिए बमोजिमका सामानहरु ……………………….. कृषक /फार्ममा दाखिला गर्ने गरी दुई प्रति हस्तान्तरण फाराम समेत बुझिलिएँ ।

सामान बुझिलिनेको
नाम :………………………
पद :…………………

दस्तखत :
फर्म/कृषक/आयोजना ………
मिति :……………..

सामान बुझिलिने फर्म/कृषक/आयोजनाले भर्ने

मथि लेखिए बमोजिमका सामानहरु……………………………. फर्म/ कृषक/आयोजना बाट………… श्री…………………………… हस्ते यस कृषक/फर्ममा प्राप्त भएको प्रमाणित गरिन्छ।

प्रमाणित गर्नेको:
नाम :
पद :

दस्तखत :
फर्म/कृषक…………………………
मिति :

## भेटेरीनरी प्राविधिक/ग्रा.प.स्वा.का./जे.टि./जे.टि.ए दर्ता/ नविकरण निवेदन

रु १० को टिकट

मिति ............

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुर ।

**विषय :- दर्ता/नविकरण गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयमा दर्ता/नविकरण भई प्रमाण-पत्र र परिचय-पत्र पाउँनका लागि निम्न विवरण भरि तपशिल बमोजिमका कागजातहरुका साथमा रु १०। को टिकट टाँस गरि दर्ता/नविकरण गरी दिनु हुन यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

विवरण :-
१. दर्ता हुने प्राविधिकको नाम :-
२. स्थायी ठेगाना :-
३. योग्यता ..........................हालको ठेगाना.......................नगरिक्ता............................
४. शैक्षिक योग्यता ...................... तालिम अवधि ....................देखि.......................सम्म
५. शिक्षण/तालिम दिने संस्था :-
६. अन्य कुनै शैक्षिक योग्यता/तालिम भए :-
७. अन्य कुनै संस्थामा कार्यरत भए सोको नाम र कार्यरत पद :-
८. हाल पु-याईएको सेवाको विवरण :

| क्र.सं. | सेवाको प्रकार | सेवा पुरयाएको गा.पा. | सेवा पुरयाएको घरधुरी/कृषक | बर्षिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपचार सेवा | | | | |
| २ | कृषक घरधुरी | | | | |
| ३ | औषधी पसल कारोवार | | | | |
| ४ | अन्य | | | | |

### संलग्न कागजातहरु
१. सम्बन्धित पशु सेवा केन्द्र तथा वडा कार्यालयको सिफारिस ।
२. निवेदकको शैक्षिक योग्यता/नागरिक्ता/तालिमको प्रमाण-पत्रको प्रतिलिपि....
३. साविकमा जि.प.से.का.तथा अन्य कार्यालयमा दर्ता भएको भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि....
४. २ वटा अटो साईजको हालसालै खिचेको फोटो
५. अन्य थप तालिम सम्बन्धि तथा अन्य कागजातभए प्रतिलिपिहरु

निवेदक
नाम......................
ठेगाना.....................
सम्पर्क नं.....................
दस्तखत.................

**(नोट :-दर्ता तथा नविकरण गर्दा प्राविधिक आफै आउनु पर्दछ)**

## पशुपन्छी फर्म/उधोग/व्यबसाय/मासु पसल/बजार/दर्ता/ नविकरण निवेदन

रु १० को

मिति .............

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यू
हतुवागढी गाउपालिका, घाडेटार, भोजपुर ।

**विषय :- दर्ता/नविकरण गरी पाउँ ।**

महोदय,

प्रस्तुत् विषयमा निम्न विवरण भएको .................. यस कार्यालयमा दर्ता⁄ नविकरणको लागि देहायका कागजातको प्रतिलिपि संलग्न राखि प्रमाण-पत्र र परिचय-पत्र पाउँ भनि रु १०। को टिकट टाँसी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

### विवरण :-

१. दर्ता हुने संस्था⁄फर्म⁄उधोग⁄ मासु पसल⁄बजार⁄सहकारीको नाम :-
२. स्थायी ठेगाना :- समपर्क नं. :-
३. संचालकको नगरिक्ता :-
४. स्थापना मिति :-
५. शैक्षिक योग्ता :-
६. संस्थाको किसिम र उद्धेश्यहरु :-
७. संलग्न सदस्य सख्या ............ महिला............पुरुष..................
८. अन्य कार्यालयमा दर्ता भए सो को नाम र ठेगाना :
९. संस्थाले संचालन गरेका कार्यक्रमहरुः
१०. शुरुको लगानी रु :-.................. स्थिर पूँजी रु..................चालु पूँजी रु.............
११. हालको बार्षिक कारोवार रु :-.......... आम्दानी रु :-............मुनाफा रुः-.....................
१२. गत आ.ब.को कारोवार रु :-......... आम्दानी रु :-............मुनाफा रुः-.....................
१३. शुरुको बार्षिक उत्पादन विवरण :-
१४. हालको बार्षिक उत्पादन विवरण :-
१५. गत आ.ब.को उत्पादन विवरण :-

**संलग्न कागजातहरु**

१. सम्बन्धित पशु सेवा केन्द्र तथा वडा कार्यालयको सिफारिस ।
२. निवेदकको शैक्षिक योग्यता⁄नागरिक्ता⁄तालिमको प्रमाण-पत्रको प्रतिलिपि....
३. जि.प.से.का.तथा अन्य कार्यालयमा दर्ता भएको भए दर्ता प्रमाण-पत्रको प्रतिलिपि....
४.२ वटा अटो साईजको हालसालै खिचेको फोटो
५. अन्य थप तालिम सम्बन्धि तथा अन्य कागजात भए प्रतिलिपिहरु....

निवेदक
नाम :-..........................
ठेगानाः-..........................
सम्पर्क नं :-..........................
दस्तखतः-..........................

**नोट :-दर्ता तथा नविकरण गर्दा सरोकारवाला स्वयं उपस्थित हुनु पर्नेछ ।**

हतुवागढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घोडेटार, भोजपुर

१ नं. प्रदेश, नेपाल

फोटो

## प्रमाण पत्र

पशुपन्छी फर्म/उधोग/ब्यबसाय/मासु पसल/बजार/सहकारीलाई सुव्यवस्थित गर्दै हतुवागढी गाउँपालिका घोडेटार, भोजपुरले ब्यबसाय सम्बन्धि तोकेको ऐन, नियम र कानुनको परिधिमा रहि भोजपुर जिल्ला हतुवागढी गाउँपालिका वडा नं...... टोल..........मा मिति............. मा गठित/संचालित पशुपन्छी फर्म/उधोग/ब्यबसाय/मासु पसल/बजार/सहकारी ................................... लाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

दर्ता नं. :

मिति :

................................

प्रमुख प्रशासकिय अधिकृत

**नविकरण रेकर्ड**

| क.स. | नविकरण गरेको मिति | दर्ता नं. | अवधि मिति | | प्रमाणित गर्ने पदाधिकारीको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले :

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत